चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

१ नं. प्रदेश नेपाल

प.स. ०७८।०७९

च नः

फोन नं ९७४६८७२४२५

## M.I.S. अपरेटर पद करारमा पदपूर्तीका लागि दरखास्त आह्वानको सूचना

(सूचना प्रकाशित मितिः२०७८/०७/०८)

राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागबाट संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सुदृढिकरण आयोजना अन्तर्गत यस गाउँपालिकामा रहने सेवा इकाइमा आवश्यक M.I.S. अपरेटर पदमा खुल्ला प्रतिस्पर्धाद्वारा कारारमा नियुक्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ( २०७८ कार्तिक २२ गते कार्यालय समयं भित्र) यस कार्यालयमा उपस्थित भइ फारम वुझाउनुहुन यो दरखास्त आह्वान गरिएको छ ।

१. पदः एम.आइ.एस अपरेटर ( राजपत्र अनङ्कित प्रथम श्रेणी सरह)
   क. आवश्यक पद संख्याः १(एक)
   ख. आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्यूटर विषय लिई उतिर्ण गरेको वा अन्य विषयको हकमा मान्यता प्राप्त संस्थावाट कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको ।

२. माथि उल्लेखित पदका लागिः
   क. तलबः नेपाल सरकारको नियमानुसार ।
   ख. उमेरः दरखास्त दिने अन्तिम दिन अठार वर्ष पुरा भई चालीस बर्ष ननाघेको ।
   ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको ।
   घ. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह उतिर्ण गर्ने उम्मेद्वारहरुको हकमा कक्षा ११ र १२ को प्रत्येक बिषयहरु(सैदान्तिक एबं प्रयोगात्मक) मा न्यूनतम D+ C.G.P.A 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हांसिल गरेको मानिनेछ ।

३. दस्तुरः रु ४०० मात्र ।

४. करार अवधीः आ व २०७८-७९ सम्मको लागि । काम सन्तोषजनक भएमा आयोजनाको म्याद थप भएसंगै एक पटकमा १ बर्ष नबढाई करार म्याद थप हुन सक्नेछ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**Website**: www.chulachulimun.gov.np
**E-mail**: chulachuli.ruralmunicipality@gmail.com, ito.chulachulimun@gmail.com

"कृषि पर्यटन र पूर्बाधारमा उन्नती चुलाचुली गाउँपालिकाको समुन्नती"

*बालमैत्री पद्धति र व्यवहारः समृद्ध चुलाचुलीको आधार"*

चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

प.स. ०७८।०७९ | १ नं. प्रदेश नेपाल
च नं: | फोन नं ९७४६८७२४२५

५. परिक्षाको किसिम:

क. सेवा इकाइको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ मा भएको ब्यवस्था अनुसार सर्टलिस्ट हुने उम्मेद्वारहरुका लागि कम्पूटर प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

ख. सो मापदण्ड २०७६ को दफा ७ मा व्यबस्था भए अनुसार उच्चतम अंक प्राप्त गरी सर्टलिष्टमा पर्न सफल उम्मेद्वारहरुलाई मात्र प्रयोगात्मक र अन्टरवार्तामा समावेश गराइनेछ ।

६. दरखास्त फारम भर्दा आदश्यक कागजातहरु:

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी,
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो,
३. न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र,
४. न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता भएमा सोको लब्धांकपत्र ।
५. प्रबिणता प्रमाणपत्र तह वा १०+२ मा कम्प्यूटर विषय लिई अध्ययन नगर्नेको हकमा कम्पूटर तालिमको प्रमाणपत्र,
६. कार्यानुभव भएमा सोको प्रमाणपत्र ।

..................
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत